# नेको इन्सुरेन्स लि. का
# आदरणीय बीमित महानुभावरूलाई सूचना

नेपाल सरकारको आ.ब. २०७३/०७४ को बार्षिक बजेट बक्तव्यको बुँदा नं. ३५५ मा "सवारी साधन बीमा अन्तर्गत तेस्रो पक्ष बीमा सरह सवारी साधनमा यात्रा गर्ने अन्य यात्रुहरुको बीमा गर्नुपर्ने व्यवस्था गरिने छ" भन्ने व्यवस्था अनुरुप श्री बीमा समितिबाट मोटर बीमादर सम्बन्धी निर्देशिका, २०६६ लाई परिमार्जन गरी मोटर बीमादर सम्बन्धी निर्देशिका, २०७३ जारी भएको छ ।

उक्त निर्देशिका बमोजिम २०७३ श्रावण १ गतेदेखि लागु हुने गरी तेश्रो पक्ष सरह सबै प्रकारका सवारी साधनमा यात्रा गर्ने यात्रुहरुको दुर्घटना बीमा समेत अनिवार्य रुपमा समावेस गरी बीमालेख जारी गर्नु पर्ने व्यवस्था भएको जानकारी गराउँदछौं ।

साथै, उक्त व्यवस्था कार्यान्वयनका लागि यहि २०७३ श्रावण मसान्तसम्मको मोहलत अवधी (Grace Period) को व्यवस्था गरिएको हुँदा यस कम्पनीमा सवारी साधन बीमा गराउनु भएका बीमितहरुले उक्त अवधी भित्र यस कम्पनीको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरुमा सम्पर्क गरी नयाँ व्यवस्था अनुरुपको यात्रु बीमा गर्ने व्यवस्था गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

उक्त अवधी भित्र अर्थात् २०७३ श्रावण मसान्तभित्रमा नयाँ व्यवस्था अनुसारको यात्रु बीमा नगराउने बीमितहरुले नयाँ व्यवस्था अन्तर्गतको सुविधा नपाउने ब्यहोरा समेत जानकारी गराउँदछौं ।


NECO

**नेको इन्सुरेन्स लि.**
**Neco Insurance Ltd.**

अनामनगर, काठमाडौं
फोन: १-४७७०४१५
फयाक्स: १-४७७०१६२
info@necoinsurance.com.np
www.necoinsurance.com.np


**Make A Visible DIFFERENCE**